Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: १०६ | वि.सं. २०८२ साउन १२ सोमवार | नेपाल संवत: ११४५, | श्रावण शुक्लपक्ष चतुर्थी | Monday 28 July 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

वीरेन्द्रनगरको ड्रिम प्रोजेक्ट भेरी पम्पिङ

# रुख कटानको प्रक्रिया सुरु पाइप लाइन बिछ्याइँदै



◣सुशील खड्का
सुर्खेत, ११ साउन ।

सुर्खेतको सदरमुकाम मात्रै होइन वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानीसमेत हो । प्रदेश राजधानीको शहर वीरेन्द्रनगर १० वटै जिल्लाका नागरिकको रोजाइँको शहर पनि हो । शहरीकरणतर्फ उन्मुख वीरेन्द्रनगरमा जनसंख्या बढ्दो क्रममा छ। स्थायी रुपमा बसोबासीको संख्या झण्डै दुई लाखसहित अस्थायी जनसंख्या जोड्ने हो भने पाँच लाख पुगिसकेको छ।

अहिले वितरण गर्रिंदै आएको झुप्रा, खरी बोरी र अन्य साना खोलाहरुको पानीले वर्तमान जनसंख्यालाई सहज आपूर्ती हुन सकिरहेको छैन। सुर्खेत उपत्यका खानेपानी उपभोक्ता संस्थाका अनुसार यसअघि दुई लाख जनसंख्या रहेको उपत्यकामा ३५ हजार घरधुरी थिए। उक्त जनसंख्यालाई सहज खानेपानीको आपुर्ति गर्नका लागि करिब दुर्य सय ७८ लिटर प्रतिसेकेण्ड पानी आवश्यक पर्ने भएपनि प्रयोगमा ल्याइएका स्रोतहरुबाट जम्मा एक सय २८ लिटर प्रतिसेकेण्ड पानी मात्र उपलब्ध हुने गरेको छ।

सुर्खेत उपत्यकामा हालसम्म ३५ हजार घरधुरीमध्ये हालसम्म २० हजार घरधुरीमा मात्रै खानेपानीको धारा जडान भएको छ भने बाँकी घरधुरीमा पानी वितरण हुन सकेको छैन् । अहिले प्रयोगमा आइरहेको पानी आवश्यक भन्दा ५४ प्रतिशतले कम छ। वीरेन्द्रनगरमा खानेपानीको आपूर्तीका लागि हाल झुप्रा खोलाबाट ८६ लिटर प्रतिसेकेण्ड, खरिखोला बोरीखोलाबाट ३०, खोर्के खोलाबाट १० र बुलबुले काटकुवाँबाट ४ गरि एक सय ५७ लिटर प्रतिसेकेण्ड पानी ल्याई आपूर्तीको व्यवस्था मिलाइएको छ।

वीरेन्द्रनगर नगरपालिकाले ३० वर्ष पछिको जनसंख्यालाई मध्यनजर गरी 'भेरी पम्पिङ' आयोजनाको निर्माण तिव्रगतिमा गरिहेको छ। २०७७ बाट 'भेरी पम्पिङ' आयोजनाका लागि बजेट विनियोजन हुँदै आएको छ। दुई चरणका लागि हुने आयोजनाको यो कामको पहिलो चरणका लागि चार अर्ब ६५ करोड ३० दाख ६६ हजार बराबरको बजेटबाट ठेक्का व्यवस्थापन गरेर काम भइरहेको छ।

पहिलो चरणमा नदीबाट पानी पम्पिङ गर्ने, ट्याङ्की बनाउनेदेखि पानी वितरणसम्मको काम जारी रहेको छ। आयोजनाले भेरी नदीमा तयार गरिने इन्टेकबाट सात किलोमिटर दूरीमा पम्पिङ गरी वीरेन्द्रनगर नगरपालिका-११, अमृत डाँडामा पानी ल्याउनेगरी काम भइरहेको वीरेन्द्रनगर आयोजना कार्यान्वयन इकाईका प्रमुख (सीडीई) सञ्जीवकुमार शाह बताउँछन् ।

'अहिले एयरपोर्ट चोक र गाग्रेताल क्षेत्रमा ट्यांकीसम्म पानी पुऱ्याउने पाइपलाइन विस्तारको काम भइरहेको छ,' साह भन्छन्, 'यसअघि वितरण प्रणाली रहेका स्थानमा ट्यांकी निर्माण अन्तिम चरणमा छ भने भेरी नदीदेखि अमृत डाँडासम्मको सात किलोमिटर क्षेत्रमा रुख कटानको प्रक्रिया सक्दैछौं ।' पहिलो चरणमा भेरी नदीमा इन्टेक निर्माण, पानी प्रशोधन प्रणाली, रिजर्भ ट्याङ्की निर्माण र अमृत डाँडादेखि वीरेन्द्रनगरसम्मको मुख्य पानी प्रसारण लाइन विस्तार गर्ने लक्ष्य छ।

दोस्रो चरणमा उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार गरिनेछ। भेरीको पानी चार सय मिटर उचाइमा प्रशोद्धन ट्याङ्की (ट्रिटमेन्ट प्लान्ट) मा खसालिने छ। त्यसपछि करिब सात किलोमिटर लामो पाइपका माध्यमबाट अमृत डाँडामा निर्माण गरिने रिजर्भ ट्याङ्कीमा पानी खसालिने छ। त्यसपश्चात पाँच सय ५० मिलिमिटर क्षमताको पाइप अमृत डाँडामा राखेर मुख्य ट्याङ्कीसम्म ल्याइने छ।

अमृत डाँडामा रहने ट्याङ्की १२ हजार घनमिटरको हुनेछ। अबको पाँच वर्षभित्र भेरीको पानी वीरेन्द्रनगरमा आइपुग्ने लक्ष्य राखिएको छ। आयोजनाबाट वीरेन्द्रनगरको पाँच लाख जनसंख्या लाभान्वित हुनेछ। आयोजना सम्पन्न नहुञ्जेलसम्म भइरहेका संरचना र पम्पिङ गरिएको पानीबाट खानेपानी सहज बनाइने वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले जानकारी दिइन् ।

गत भदौं महिनामा चिनियाँ कम्पनी सिंज्याङ टर्म्स इन्टरनेशनल इकोनोमी एण्ड टेक्निकल को-अपरेसनले यो आयोजना निर्माणको जिम्मा पाएर काम गरिरहेको हो। कम्पनीसँग तीन अर्ब पाँच करोड आठ लाख १५ हजार दुई सय ८० दशमलव ६१ लागतमा सम्झौता भएको हो। आयोजना कार्यान्वयनमा साउन महिना भित्र रुख कटान सक्ने लक्ष्य राखिएको छ।

उपत्यका भित्र पाइप लाइन विस्तार जारी रहेकाले मुख्य प्रसारण लाइनको काम दशैं अगावैबाट शुरु हुने आयोजनाले जनाएको छ। लामो समयदेखि चर्चामा रहेको भेरी पम्पिङ आयोजना कार्यान्वयनमा आएसँगै

बाँकी ४ पेजमा

## ६ सय ९३ पत्रकारको स्वास्थ्य बीमा



◣युग संवाददाता
सुर्खेत, ११ साउन ।

कर्णाली प्रदेश सरकारले पत्रकारको निशुल्क स्वास्थ्य बीमा गरेको छ। प्रदेशभर पत्रकारितामा क्रियाशिल ६ सय ९३ पत्रकारहरुको स्वास्थ्य बीमा गरिएको हो। नेपाल पत्रकार महासंघ कर्णाली प्रदेश समितिको सहकार्यमा प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालयले पत्रकारहरुको बीमा गरेको हो।

आइतबार मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी बिच स्वास्थ्य बीमा नीतिमा सम्झौता भएको छ। प्रदेश सरकारले स्वास्थ्य बीमा गरिदिएसँगै पत्रकारहरूले हरेक वर्ष ७० हजार रुपैयाँसम्मको औषधोपचार निशुल्क प्राप्त गर्नेछन् । बीमा रकम दावीका लागि अस्वस्थ भएको ६० दिनभित्र वा अस्पतालबाट डिस्चार्ज भएको ३५ दिनभित्र बीमा कम्पनीलाई जानकारी गराउनुपर्ने छ।

स्वास्थ्य बीमा नीति हस्तान्तरण कार्यक्रममा बोल्दै प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले पत्रकारिता सत्य र तथ्य उजागर गरी जनताको आवाज बुलन्द गर्ने पेशा भएकाले पत्रकारको संरक्षण गर्नु प्रदेश सरकारको दायित्व भएको बताए।

संवेदनशील र कठिन जिम्मेवारीका बिच भूमिका निर्वाह गर्ने पत्रकारको सुरक्षामा राज्य गम्भीर हुनुपर्ने उल्लेख गर्दै उनले प्रदेश सरकार प्रेस स्वतन्त्रताप्रति पूर्ण प्रतिबद्ध रहेको बताए। स्वास्थ्य बीमा कार्यक्रमले पत्रकारको सुरक्षाप्रतिको राज्यको दायित्वबोध, लोकतान्त्रिक मूल्य र मानवअधिकारका पक्षमा सरकारको प्रतिबद्धता पुरा हुने उनले विश्वास व्यक्त गरे।

## कुष्ठरोगीको आशङ्कामा छ वर्ष छाउगोठमा बिताउनु परेपछि...

◣युग संवाददाता
हुम्ला, ११ साउन ।

कुष्ठरोगको आशङ्कामा छ वर्षदेखि छाउगोठमा बस्दै आएका सिमकोट गाउँपालिका-८ याङ्गु गाउँका ५६ वर्षीय धनवीरे कामीको उद्धार गरिएको छ। प्रमुख जिल्ला अधिकारी नारायण पाण्डेयको समन्वयमा जिल्ला अस्पतालले शनिबार गाउँमै पुगेर एम्बुलेन्समार्फत विरामी कामीको उद्धार गरेको स्वास्थ्य सेवा कार्यालयका प्रमुख डा उमाकान्त तिवारीले जानकारी दिए।

उनले भने, "कामीको जिल्ला अस्पतालमा उपचार थालिएको छ। उनीलाई आफन्तले कुष्ठरोगी भनेता पनि कुष्ठरोग नभएको पुष्टि समेत भएको छ। तर उहाँको अन्य स्वास्थ्य परीक्षणपछि मात्र के रोग हो भन्ने पत्ता लाग्छ।"

स्वास्थ्य सेवा कार्यालयले विरामी कामीको निःशुल्क उपचार गर्ने अस्पताल प्रमुख डा तिवारीले जानकारी दिए। उनका अनुसार कामीको खुट्टा र शरीरका केही भाग नचल्दा शारीरिक रूपले अपाङ्गता जस्ता भएका छन् । साथै हातखुट्टाका औँला बाङ्गो छन्भने हिँडडुल गर्न पनि कठिन छ। घरपरिवार एवं गाउँलेले अन्धविश्वासका कारण उनीलाई छाउगोठमा राखेका जनाइएको छ।

छाउगोठमा बस्दा उनीले उचित उपचार र हेरचाहको अभाव झेल्दै आएका थिए। रातदिन चिसो, भोक र वेदनाका बीच जिउन बाध्य भएका कामीलाई केही राहत भएको आफन्त जसपाल कामीले बताए। उनको हेरचाहका लागि भाइहरूले प्रत्येक महिनाको पालो राखेका थिए।

## एक वर्षमा २३ सय ६९ प्रहरीले दिए राजीनामा

◣युग संवाददाता
काठमाडौं, ११ साउन ।

एक वर्षमा करिब २४ सय प्रहरीले राजीनामा दिएका छन् । २०८१ साउनदेखि २०८२ असार मसान्तको अवधिमा जवानदेखि अधिकृत तहसम्मका २३ सय ६९ प्रहरीले राजीनामा दिएका हुन् ।

प्रहरीमा सरुवा, बढुवा, वृत्तिविकासलगायतमा देखिएको असन्तुष्टिको असर राजीनामामा देखिएको हो। कतिपय प्रहरी वैदेशिक रोजगारीमा आकर्षक तलब पाएर पनि सेवाबाट अलग हुने परिस्थिति देखिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

आइतबार प्रहरी प्रधान कार्यालयले गरेको पत्रकार सम्मेलनमा कतिपय प्रहरी भने अपराध र आचरण विपरीतका गतिविधिमा मुछिएपछि विभागीय कारबाहीमा परेर पनि राजीनामा दिएर अलग हुने गरेको देखिएको जनाएको हो।

यसैगरी गत आर्थिक वर्षमा देशभरका प्रहरी कार्यलयमा अपराधका ५८ हजार ४ सय ७२ जाहेरी परेको छ। जसमा योजनबद्ध रूपमा व्यक्तिहत्या गरेको अभियोगमा मात्रै ५ सय १० मुद्दा

बाँकी ४ पेजमा



## सम्पादकीय....

# सडक सुरक्षाका चुनौती

सुर्खेतमा एक वर्षको अवधिमा सडक दुर्घटनामा परी ३८ जनाले ज्यान गुमाएका छन् । जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेत उपलब्ध गराएको तथ्यांक अनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा जिल्लाभर चार सय २३ सडक दुर्घटना भएका छन् । जसमा ३८ जनाले सडकमै ज्यान गुमाउँदा नौ सय ३६ जना घाइते भएका छन् । मृत्यु हुनेमा २९ पुरूष, एक बालक, ६ महिला र ३ बालिका छन् । अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को तुलनमा गत वर्ष सवारी दुर्घटनामा कमी आएको भएपनि मृतकको संख्या भने बढेको देखिन्छ । आर्थिक वर्ष २०८०/०८१ मा जिल्लाभर ६ सय ७३ सवारी दुर्घटनामा पर्दा २८ जनाको मृत्यु भएको थियो भने एक हजार एक सय ८४ जना घाईते भएका छन् । प्रहरीको तथ्यांक अनुसार सबैभन्दा धेरै सडक दुर्घटना तीव्र गति र क्षमताभन्दा बढी भारका कारण भएको देखिन्छ । ट्राफिक प्रहरीले ट्राफिक नियममा कडाई गर्दै आएको भएपनि सवारी चालकको लापरवाही, क्षमताभन्दा बढी यात्रु, यन्त्रिक गढबढी, जिर्ण सडक लगायतका कारणले हुने सडक दुर्घटनामा परी ज्यान गुमाउनेको संख्या बढ्दै गएको प्रहरीको तथ्यांकले देखाउँछ । दिनप्रतिदिन बढ्दै गएको सवारी चापसँगै ट्राफिक नियम उल्लंघनका घटनामा समेत उल्लेख्य बृद्धि भएको छ । यो सडक सडक सुरक्षाको दृष्टिकोणले निकै चुनौतीको विषय हो ।

प्रहरीको तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा १५ हजार आठ सय ४२ सवारी साधनहरूलाई ट्राफिक नियम उल्लघंन गरेको कसुरमा कारवाही भएको देखिन्छ । यसरी कारवाहीमा परेका सवारीबाट एक करोड १५ लाख ९९ हजार पाँच सय रुपैयाँ राजश्व संकलन भएको प्रहरीको तथ्यांक छ । गत वर्ष २०८१/०८२ मा ट्राफिक नियम उल्लघंन गर्नेको संख्या १७ हजार एक सय ५१ पुगेको छ । यी सवारी साधनलाई नियम उल्लघंन गरेवापत गरिएको कारवाहीबाट प्रहरीले एक करोड ४५ लाख १५ हजार रुपैयाँ राजश्व संकलन गरेको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय सुर्खेतले तीन वर्षको अवधिमा ट्राफिक नियम उल्लंघन गर्ने सवारीबाट झण्डै पाँच करोड बढी राजश्व संकलन गरेको छ । आर्थिक वर्ष २०७९/०८० मा १९ हजार ६ सय ३१ सवारी साधनहरु कारवाहीमा परेका थिए । उक्त कारवाहीबाट एक करोड ४७ लाख ६३ हजार पाँच सय रुपैयाँ राजश्व संकलन भएको थियो । यस्तै, आर्थिक वर्ष २०७८/०७९ मा १४ हजार सात सय दुई वटा सवारी साधनलाई कारवाही गर्दा एक करोड नौ लाख ११ हजार राजश्व संकलन भएको तथ्यांक ट्राफिक प्रहरीसँग छ । यो तथ्यांकले ट्राफिक नियमको व्यापक उल्लंघन भइरहेको देखाउँछ । ट्राफिक नियमको जानकारी हुँदाहुँदै पनि त्यसलाई नियतवस पालना नगर्दा सवारी दुर्घटनासमेत निम्तिने गरेको छ । सडक सुरक्षा सबैको सरोकारको विषय भएपनि ट्राफिक नियम पालनामा लापरवाही गरिँदा निर्दोष नागरिकको ज्यानै जाने खतरा बढ्दै जानु दुखद् पक्ष हो । सडक सुरक्षा गर्ने जिम्मा पाएको ट्राफिक प्रहरी कसरी बढी राजश्व संकलन गर्ने भन्नेमा केन्द्रित छ । अर्कोतर्फ तीनै तहका सरकाहरुले यो विषयलाई खासै प्राथमिकतामा राखेको अवस्था छैन । जसका कारण सवारी चालकको लापरवाही, क्षमताभन्दा बढी यात्रु, यन्त्रिक गढबढी, जिर्ण सडक लगायतका कारणले सडक दुर्घटनाले प्रसय पाइरहेको छ । कतिपय अवस्थामा यात्रुलेसमेत ट्राफिक नियमको पालना गरेको देखिँदैन । यसर्थ, सडक सुरक्षामा सरोकारवाला निकायसँगै आम नागरिक पनि सचेत हुन आवश्यक छ । जबसम्म सवारी चालक, यातायात व्यवसायी, आमनागरिक र नियामक निकाय सडक सुरक्षामा जिम्मेवार बन्दैनन्, तबसम्म सडक सुरक्षाको सवाल निकै चुनौतीपूर्ण छ ।

## विश्व

# थाइल्यान्ड र कम्बोडियाबिच झडप कायमै

**सामाओङ (कम्बोडिया), ११ साउन ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको राति ढिलो हस्तक्षेपपछि दुवै पक्षले युद्धविरामबारे छलफल गर्न तयार भएको भने पनि थाइल्यान्ड र कम्बोडियाबिच आइतबार चौथो दिन पनि झडप भएको छ ।

लाखौँ विदेशी पर्यटकहरूको लोकप्रिय गन्तव्य रहेका यी छिमेकी राष्ट्रहरू विवादित सिमाना मुद्दालाई लिएर वर्षौंको सबैभन्दा रक्तपातपूर्ण द्वन्द्वमा फसेका छन् । दुवै पक्षबिच झडप हुँदा कम्तीमा ३३ जनाको मृत्यु पुष्टि भएको छ र दुई लाखभन्दा बढी विस्थापित भएका छन् ।

शनिबार राति ढिलो ट्रम्पले दुवै प्रधानमन्त्रीसँग कुरा गरेपछि र उनीहरूले भेटेर युद्धविरामलाई 'चाँडो समाधान' गर्न सहमत भएको बताएपछि दुवैले लडाइँ अन्त्य गर्न वार्ता सुरु गर्न इच्छुक रहेको बताए ।

तर उत्तरी कम्बोडिया र उत्तरपूर्वी थाइल्यान्डबिचको सीमावर्ती क्षेत्रमा रहेका लामो समयदेखि विवादित दुई वटा प्राचीन मन्दिर नजिक आइतबार बिहान ताजा झडप सुरु भयो ।

कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेआताले थाई सेनाले बिहान ४:५० बजे मन्दिरहरू वरपरका क्षेत्रहरूमा आक्रमण सुरु गरेको बताए ।

एएफपीका पत्रकारहरूले तोपको नियमित धमाकाले मोर्चाबाट करिब २० किलोमिटर (१२ माइल) टाढा रहेको कम्बोडियाली सहर सामाओङका झ्यालहरू हल्लिरहेको बताए ।

थाई सेनाका उप प्रवक्ता रित्चा सुक्सुवानोनले दुवै पक्षले रणनीतिक स्थानहरूको नियन्त्रणका लागि लड्दा कम्बोडियाली सेनाले बिहान ४:०० बजे तोप प्रहार सुरु गरेको बताए ।

**युद्धविरामका आह्वानहरू**

कम्बोडियाली प्रधानमन्त्री हुन मानेटले आइतबार उनीको देश 'दुई सशस्त्र बलबिच तत्काल र बिना शर्त युद्धविरामको प्रस्तावसँग सहमत' भएको बताए ।

उनीले आफ्ना विदेशमन्त्री प्राक सोखोनले अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग थाईहरूसँग समन्वय गर्न कुरा गर्ने बताउनुभयो, तर बैङ्ककलाई कुनै पनि सम्झौताबाट पछि हट्न विरुद्ध चेतावनी दिए ।

ट्रम्पको फोनपछि थाइल्यान्डका कार्यवाहक प्रधानमन्त्री फुम्थाम वेचयाचाईले सिद्धान्ततः युद्धविराममा प्रवेश गर्न र 'सकेसम्म चाँडो' वार्ता सुरु गर्न सहमत भएको बताए ।


दुवै पक्षले सङ्कट अन्त्य गर्न वार्ताको इच्छा व्यक्त गरे पनि अहिलेसम्म कुनै पनि पक्ष पछि हट्न इच्छुक भएको छैन । आइतबार फेरि उनीहरूले एकअर्कामाथि शान्ति प्रयासहरू कमजोर पारेको दोष लगाएका छन् ।

थाई विदेश मन्त्रालयले पनि कम्बोडियाली सेनाले सुरिन प्रान्तका नागरिकका घरहरूमा गोला प्रहार गरेको आरोप लगाएको छ ।

विदेश मन्त्रालयले एक वक्तव्यमा भन्यो, "कम्बोडियामा राम्रो विश्वासको गम्भीर अभाव र मानवअधिकार र मानवीय कानुनका आधारभूत सिद्धान्तहरूको बारम्बार उल्लङ्घन गर्दा शत्रुताको कुनै अन्त्य गर्न सकिँदैन ।"

कम्बोडियाको तर्फबाट रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेआताले उनीहरूले पहिले फायरिङ गरेको अस्वीकार गर्दै वक्तव्य जारी गरे ।

# विद्याको बाटो



✍ गुणराज लुइँटेल



पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई मैले कम्प्युटरको स्क्रिनमा लाइभ प्रसारणमार्फत् शुक्रबार अपराह्न देखें । पावरवाला चश्माभित्र उनका आँखा छोपिएका थिए । उनी कागज हेरेर केही पढ्दै थिइन् । पढिसकेपछि उनले चश्मा झिकिन् र फेरि बोल्न थालिन् ।

आफ्नै दल नेकपा (एमाले)को राजनीतिमा फर्केको घोषणायता राष्ट्रिय राजनीतिको चर्चामा उनी छन् । जसरी उनका अगाडि क्यामेरा र बुम तेर्सिएका थिए, त्यसले उनको प्रभावलाई देखाइरहेको थियो । प्रभावका साथै उनीबाट आउन सक्ने आश्चर्यजनक निर्णयप्रतिको जिज्ञासा पनि उत्तिकै थियो ।

यसपछाडि केही पक्षले काम गरेका छन्– एक, उनी पूर्वराष्ट्रपतिबाट भर्खरै बिदा भएकी हुन्, जो झन्डै मुलुकको राजनीतिमा एक दशक केन्द्रविन्दुमा रहिन् । दुई, उनी एमालेकी एक सक्रिय नेतृ थिइन्, त्यो पनि संस्थापनकै रूपमा । अहिले भने उनी त्यसबाट अलग्गिएकी छन् । तीन, उनी एमालेको राजनीतिक आधार जनताको बहुदलीय जनवाद (जबज) का व्याख्याता स्वर्गीय मदन भण्डारीकी पत्नी पनि हुन् ।

भण्डारीका पछाडि धेरै आधार छन्, जसले उनको आवाजमा अर्थ खोज्न प्रेरित गर्छ । अहिले उनी यस्तो ठाउँमा उभिएकी छन्, जहाँ उनका राजनीतिक सहयोगी ठानिएका प्रधानमन्त्री केपी शर्मा ओली र उनका निकट व्यक्तिहरू विरोधमा उभिएका छन् । उनीप्रति आशा राख्ने व्यक्तिहरू पनि छन्, जहाँबाट उनले फेरि तिनको गुमेको विरासत फिर्ता आउन सक्छ ।

राजनीति बडो निर्मम हुन्छ । यसमा स्थायी शत्रु र मित्र हुँदैनन् । जो हिजो मित्र थिए, ती आज शत्रु हुन सक्छन् र जो शत्रु छन्– ती मित्र । राजनीतिले आवश्यकताअनुसार व्यक्तिको स्थान परिवर्तन गरिरहन्छ । त्यसैले आज कोही कसैका निम्ति खुसी वा दुःखी भइरहनु पर्दैन । समयजस्तै सम्बन्ध पनि परिवर्तन भइरहन्छन् ।

भण्डारी एमालेमा फर्किनेभन्दा धेरैले यो ओलीकै चाल हो भन्ने तर्क गरेका थिए तर अहिले आएर पार्टीले उनको सदस्यतालाई निरन्तरता नदिने निर्णय गरेपछि स्थिति फेरिएको छ । एमालेको भावी नेतृत्वमा भण्डारीलाई स्थापित गर्ने चाहना ओलीको हुन सक्छ भन्ने विश्वास खण्डित भएको छ । खासमा एमालेमा ओलीको विकल्प ओली नै हुन् । उनले कसैलाई स्थापित गर्नुपर्ने आवश्यकता महसुस गरेका छैनन् । उनी आफूले पनि धेरै कठिनाइपूर्वक यो स्थिति प्राप्त गरेका हुन् । त्यसैले राजनीतिमा विरासत बाबुले छोरालाई पनि सजिलै किस्तीमा राखेर दिँदैनन् ।

वास्तवमा अहिले एमाले वा अन्य कुनै पनि दलका शीर्ष नेताहरूमा शक्ति संघर्ष चलेको छ भने त्यो पार्टी सत्ताकै निम्ति हो । त्यसमा पनि युवा वा नयाँ नेताले त्यो चुनौती दिन सकेका छैनन् । पुरानै नेताहरूबिचको सत्ता संघर्ष अहिलेको राजनीतिक स्थिति हो । पार्टी सत्ता आफ्नो हातमा रह्यो भने राज्यसत्ता आफूमा निरन्तर रहन्छ भन्ने विश्वास पनि हो- यो । यसैको परिणामस्वरूप अहिले एमालेमा ओली, नेपाली कांग्रेसमा शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) मा पुष्पकमल दाहाललगायतका नेता छन् ।

भण्डारीको एमालेमा फर्कने ईच्छाले त्यही दलभित्र पनि दुईखाले स्थिति पैदा गरेको छ । पक्ष र विपक्ष बनेको छ । सामान्यतः कम्युनिष्ट पार्टीमा लागेका व्यक्तिहरू आफू जहाँ पुगेको भए पनि त्यही दलले खटाएर गएको र पछि त्यसैको बफादार सिपाहीको रूपमा फर्किएको ठान्छन् । भण्डारीले पनि राष्ट्रपति हुनुअघि आफू ३५ वर्षदेखि सदस्य रहेको र त्यसबाट फर्केर आएको दश वर्षपछि यसको उमेर ४५ वर्ष भइसकेको बताएकी छन् । दलभित्रैका कतिपय सदस्यलाई पूर्वराष्ट्रपति होइन आफ्नै दलको पूर्वउपाध्यक्ष फर्केको भन्ने लाग्न सक्छ । भण्डारी आफैंले पनि आफूलाई पूर्वराष्ट्रपति होइन पूर्वउपाध्यक्षकै रूपमा फिर्ता गरेकी छन् ।

उनी एमालेमा फर्किने घोषणाले सबैभन्दा बढी चिसो पसेको ओलीलाई नै हो । एमालेमा अहिले ओली सबैभन्दा सहज अवस्थामा रहेका छन् । दलभित्र उनलाई चुनौती दिने कोही छैनन् । अलिकति चुनौती दिनेहरू बाहिरिइसकेका छन् । त्यसमा पनि उनको बाटाका काँडा पन्छाउन राम्ररी जानेका छन् । उनीसँग ज्यादै थोरै मानिस मात्र निकट रहन्छन्, बाँकी आउने जाने गरिरहन्छन् । यस्तो स्थितिमा आफूलाई टक्कर दिने गरी अर्को व्यक्ति आउन खोजेको उनलाई मन नपर्नु स्वाभाविक हो ।

पूर्वराष्ट्रपति दलमा आउनु हुने वा नहुने भन्ने विषय भण्डारीको सदस्यता मुद्दाले छायाँमा पारेको छ । भण्डारीलाई सजिलो पारिदिने काम भने नेकपा (माओवादी केन्द्र) ले पारिदिएको छ । उपराष्ट्रपति भइसकेका नन्दकिशोर पुन अहिले दलको काममा फर्किसकेका छन् । उनी यदाकदा सामाजिक सञ्जालमा चिप्लेटी खेलेको भूमिकामा पनि देखिन्छन् । किनभने उनी अझै उमेरमै छन् । राष्ट्रपति वा उपराष्ट्रपति हुने व्यक्तिको उमेर पनि धेरै हुनुपर्ने जस्तो छ, जसलाई फर्केर राजनीतिमा लाग्ने ईच्छा बढोस् ।

वास्तवमा राष्ट्रपति भन्ने पदलाई सिधै दलका नेतालाईभन्दा पनि समाजका लब्धप्रतिष्ठित व्यक्तिलाई बनाउनुपर्ने रहेछ भन्ने सन्देश पनि पछिल्ला यी घटनाले दिन थालेका छन् । छिमेकी भारतले वैज्ञानिक अब्दुल कलामलाई राष्ट्रपति बनाएको इतिहास छ । उनका प्रेरक कामले विद्यार्थी पनि प्रभावित छन् । प्रायः त्यहाँ राष्ट्रपति भएपछि फेरि राजनीतिमा फर्केको देखिँदैन । वर्तमान राष्ट्रपति द्रौपदी मुर्मु अहिलेसम्मका राष्ट्रपतिमध्ये सबैभन्दा कान्छी हुन् । उनी पनि आदिवासी समुदायकी प्रथम राष्ट्रपति हुन् । त्यसैले सकेसम्म राजनीतिबाट बाहिर र उमेर पुगेका व्यक्तिलाई नै राष्ट्रपति बनाउनुपर्ने पाठ भण्डारी र पुनको भूमिकाबाट प्राप्त हुन्छ ।

अब भण्डारी राजनीतिमा फर्केकोमा भन्दा एमालेले सदस्यतालाई निरन्तरता नदिएको मुद्दाले बढ्ता भूमिका खेल्ने देखिँदैछ । यसैले एमालेप्रति आलोचक हुने जमातलाई मौका दिनेछ । खासमा मुद्दा भनेको राष्ट्रपति भइसकेपछि राजनीतिमा फर्कन मिल्ने वा नमिल्ने भन्ने नै हो तर कैयन मुलुकमा राष्ट्रपति भएर प्रधानमन्त्री भएका उदाहरण पनि अनेक छन् । त्यस्तो भूमिका बढ्ता रुस, श्रीलंका आदि मुलुकमा अभ्यास भइसकेको छ । वास्तवमा उच्च पदमा पुगिसकेपछि पनि केही गर्न बाँकी भएको महसुस हुने अवस्थालाई रोक्न दुई पदावधि वा यस्तै सीमा तोक्नुपर्ने देखिन्छ । यसरी पदावधि नतोकेको अवस्थामा कसैले पनि आफ्नो चाहना प्रकट गर्नु स्वाभाविक हो ।

राष्ट्रपतिको भूमिका कस्तो हुन्छ भन्ने उदाहरण डा. रामवरण यादवले प्रस्तुत गरिसकेका छन् । उनले मुलुकको पहिलो राष्ट्रपतिका रूपमा अभ्यासद्वारा धेरै पक्ष निर्धारण गरेका छन् । उनी पदबाट हटेपछि पुनः कांग्रेसमा सक्रिय हुन गएनन् । सम्भवतः वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले पनि यसो गर्ने छैनन् । भण्डारीले किन यस्तो आवश्यकता महसुस गरिन् त्यो भने खोजीको विषय हो । एमालेभित्र रहेको युवा जमातले ओलीभन्दा पछि भूमिका खेल्न सक्दैनन् भन्ने उनलाई लागेको पनि हुन सक्छ । यसकारण पनि उनले आफूलाई यसका लागि अगाडि बढाएकी हुन् कि ?

उमेरले अहिलेका नेताभन्दा कान्छी भण्डारीले आफूबाट नेपालका समस्या समाधान गर्ने सम्भावना देख्नु अन्यता भएन । त्यसमा पनि एमालेभित्र ७० वर्ष उमेर हद हटिसकेको अवस्थामा त्योभन्दा कम उमेरका नेतृत्वमा पुग्ने आकांक्षा स्वाभाविक हुन्छ । अहिलेका घटनाक्रमले एमालेमा भावी नेतृत्वप्रतिको संघर्ष जटिल हुने देखिँदैछ ।

भण्डारीलाई लाइभ प्रसारणमा हेरिरहँदा र उनका कुरा सुनिरहँदा तिनका युवावयमा देखिएका सक्रियता मेरो मानसपटलमा आइरहेका थिए । ती भर्भराउँदी युवा व्यक्तित्व थिइन् । विद्यार्थी राजनीतिमा तिनी सक्रियतापूर्वक जनपरिचालन गर्थिन् । भूमिगत राजनीतिको त्यो समयमा उनी एकाएक भूमिगत भइन् । हामीले कैयन वर्ष देख्न पाएनौं । भूमिगत पार्टी तत्कालीन नेकपा (माले) का महासचिव मदन भण्डारीसँग विवाह भएपछि उनी घरायसी व्यवहारमै रहिन । चितवनको दासढुंगामा भण्डारीको मृत्यु भएपछि फेरि राजनीतिक परिदृश्यमा देख्न पाइएको हो । उनलाई राजनीतिमा फिर्ता ल्याउन भूमिका खेलेकी अष्टलक्ष्मी शाक्यले यो कुरा हामीलाई हालैको नागरिक फ्रन्टलाइनको अन्तर्वार्तामा बताइसकेकी छन् ।

मुलुकमा सर्वोच्च पदमा विराजमान भई फेरि दलको राजनीतिमा फर्किएर शून्यबाट कुनै कामको थालनी गर्न खोज्नु भनेको पनि केही भविष्य देखेर होला । अन्यथा मानिसले आफूलाई सहज बाटोबाटै हिँडाउने प्रयास हुन्छ । आखिर विद्याको यो बाटो के होला ?

*(नागरिक)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | मिहिनेत गर्दा लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । |
| वृष | तत्कालको फाइदा हेर्दा परिस्थिति बिग्रन सक्छ । काममा धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झनेछन् । |
| मिथुन | कर्मयोगले लोकप्रियता दिलाउनेछ भने विशेष उपहार प्राप्त गर्ने समय छ । तर पहिलेका सहयोगीहरू प्रतिस्पर्धीका रूपमा देखा पर्नेछन् । |
| कर्कट | तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । |
| सिंह | काम बन्नुका साथै दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । |
| कन्या | खर्च लागे पनि दिगो काम गर्न सकिनेछ । खर्चिलो योजना बन्नाले धेरै रकम जोहो गर्नुपर्ला । सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ । |
| तुला | आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन् । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । |
| वृश्चिक | प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । |
| धनु | व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ । तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । उपलब्धिको स्रोत प्राप्त हुनेछ । |
| मकर | अस्वस्थ शरीर लिएर काममा जुट्नुपर्ने अवस्था आउन सक्छ । व्यापारिक लगानीमा जोखिम बढ्न सक्छ । गोपनीयता भंग हुनुका साथै धन बाहिरिन सक्छ । |
| कुम्भ | सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । उपहारले उत्साह जगाउनेछ । |
| मीन | रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । |

### कर्णाली विकास बैंक घोटाला :

# सवा ३ अर्ब हिनामिना, १११ जनालाई मुद्दा चलाउनुपर्ने सीआईबीको निष्कर्ष

**युग संवाददाता**
**काठमाडौं, ११ साउन ।**

कर्णाली विकास बैंक घोटाला प्रकरणमा १११ जनालाई मुद्दा चलाउनुपर्ने निष्कर्ष प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले निकालेको छ। यो निष्कर्ष निकाल्दै सीआईबीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा बुझाएको हो। केही दिनअघि मात्रै अनुसन्धान प्रतिवेदन बुझाइएको सीआईबीका प्रवक्ता तथा एसपी युवराज खड्काले बताए।




सीआईबीले गरेको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालय उच्च अदालत नेपालगञ्जमा यो प्रकरणमा बाँके जिल्ला अदालतमा मुद्दा दर्ता गर्नेछन्। अहिले अनुसन्धान प्रतिवेदन अध्ययनकै क्रममा रहेको भन्दै सरकारी वकिल कार्यालयले मुद्दा दर्ता गरिसकेको छैन।

यो प्रकरणमा सीआईबीले अहिलेसम्म चारजनालाई पक्राउ गरेको छ। पछिल्लो पटक सीआईबीले राष्ट्र बैंकका पूर्वकर्मचारी भुवन बस्नेतलाई पक्राउ गरेको थियो। टोखाबाट पक्राउ परेका उनलाई सीआईबीले बाँके लगेर अनुसन्धान गरेको थियो।

खातामा कर्णाली विकास बैंकबाट १० लाख रुपैयाँ आएको भेटिएपछि उनी पक्राउ परेका थिए। 'जुन समयमा उनी अनुमगनमा खटिएका सोही समयमा कर्णाली विकास बैंकबाट उनको व्यक्तिगत खातामा रकम ट्रान्सफर भएको देखियो,' ती अनुसन्धान अधिकृतले भने, 'शंकास्पद कारोबार भेटिएपछि उनलाई पनि प्रतिवादी बनाउन सिफारिस गरेका हौं।'

अनुगमनका क्रममा बैंक समस्यामा गएको र रकम अनियमितता भएको भेटिएपछि राष्ट्र बैंकका कर्मचारी बस्नेतलाई रकम दिएर अनुगमन तथा सुपरिवेक्षण ठिक रहेको उल्लेख गर्न लगाइएको सीआईबीको दाबी छ। यसअघि सीआईबीले अनुगमनमा गएकाहरूको विवरण माग्दै नेपाल राष्ट्र बैंकलाई पत्राचार गरेको थियो। पत्र गएपछि राष्ट्र बैंकका कर्मचारीहरूबीच तनाव सिर्जना गराएको थियो। त्यसपछि सीआईबीसहित प्रहरी उच्च अधिकृतहरूसँग गभर्नर विश्व पौडेलले समेत चासो देखाएका थिए।

यो भन्दा अघि सीआईबीले तत्कालीन अध्यक्ष दयाल मिश्र, वित्त प्रमुख देवप्रकाश सिंह ठकुरी र बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर रायलाई पक्राउ गरेको थियो। उनीहरू सबैलाई बाँके लगेर अनुसन्धान गरिएको छ। सीआईबीका डीएसपी दान थापाको टोलीले उनीहरूमाथी अनुसन्धान गरिरहेको छ।

उनीहरूसहित १११ जनालाई मुद्दा चलाउनुपर्ने सुझाव सीआईबीको छ। मुद्दा चलाउन सिफारिस गरिएका अधिकांश बैंकका कर्मचारी तथा सञ्चालक हुन्। तीमध्ये चार जनाको मृत्यु भइसकेको प्रहरीले बताएको छ। कर्जा लिएर नतिर्ने ऋणीहरूलाई पनि मुद्दा चलाउन सिफारिस गरिएको छ।

मुद्दा चलाउन सिफारिस गरिएका मिश्र २०६६ देखि २०७५ सालसम्म बैंकको अध्यक्ष थिए। मधेश आन्दोलनबाट उदाएका नेता मिश्र २०७४ को प्रतिनिधिसभा निर्वाचनमा बाँके-२ बाट उम्मेदवार थिए। स्वतन्त्र राजनीतिक समूहका उनी सूर्य चुनाव चिह्नबाट प्रतिस्पर्धा गरे पनि पराजित भए। पछि उनी एमाले प्रवेश गरेका थिए। अहिले एमालेका केन्द्रीय सदस्य छन्। अनुसन्धानका क्रममा यो बैंकको करिब सवा तीन अर्ब घोटाला भएको बताइएको छ। सोहीअनुसार बिगो मागदाबी हुनुपर्ने राय सीआईबीको छ।

कर्णाली विकास बैंक २०६० सालमा स्थापना भएको थियो। अपचलनमा संलग्न मुख्य व्यक्ति रायको कर्णाली विकास बैंकमा करिब ८० प्रतिशत संस्थापक सेयर छ। उनी बैंक स्थापनादेखि नै कार्यकारी अध्यक्ष तथा सीईओका रूपमा करिब १५ वर्षसम्म कार्यरत थिए। प्रमुख सेयर होल्डरका रूपमा रायले नै बैंक चलाउँदै आएका थिए। भारतको लखनउबाट पक्राउ परेका राय पनि एमालेबाट सांसदमा उठेका थिए। बैंक सञ्चालक समिति अध्यक्ष डा. ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित विशेष छानबिन समितिले ठूलो रकम घोटाला भएको निष्कर्ष निकालेको थियो।

कर्णाली विकास बैंकको अन्य बैंक खातामा रहेको रकम तथा बैंकको कोर बैंकिङ प्रणाली (सीबीएस) मा प्रविष्ट रहेको रकमबीच अन्तर निकाल्दा ठूलो रकम घोटाल भएको मिश्र समितिको प्रतिवेदनले उल्लेख गरेको थियो। विभिन्न बैंकको खातामा रहेको मौज्दातको नक्कली ब्यालेन्स सर्टिफिकेट बनाई केही वर्षदेखि अपचलन लुकाएको पनि खुलेको छ। नक्कली ब्यालेन्स सर्टिफिकेट बनाउँदा समेत राष्ट्र बैंकबाट गएको अनुगमन टोलीले भने त्यसलाई सदर गर्दै बैंक ठिकठाक अवस्थामा चलेको भन्दै लालमोहर लगाइदिएको थियो।

राजेन्द्रवीर राय, पूर्वसीईओ दिनेशकुमार रावत, पूर्ववित्त विभाग प्रमुख महादेव भनिने वेदप्रकाशसिंह ठकुरी र वरिष्ठ वित्त विभाग प्रमुख तथा सीईओ निरजविक्रम शाहले समेत अपचलन गरेको हुनसक्ने मिश्र नेतृत्वको समितिले उल्लेख गरेको थियो।

खातामा ब्यालेन्स नभएकै अवस्थामा पनि चेक क्लियरिङमार्फत र सोझै टेलरबाट नगदै पैसा झिकेर पनि अपचलन गरेको बताइन्छ। राष्ट्र बैंकमा रहेको कर्णाली विकास बैंकको खाता (सीआरआर) मा ७ पुस २०८१ सम्म २२ करोड ७४ लाख ६१ हजार २८२ रुपैयाँ मौज्दात रहेको सीबीएसमा प्रविष्ट गरिएको थियो। तर छानबिन समितिको अनुसन्धान क्रममा उक्त खातामा करिब शून्य मौज्दात रहेको भेटिएको थियो।

# कर्णालीमा पहिलोपटक मौरी बुटक्याम्प

**युग संवाददाता**
**सुर्खेत, ११ साउन ।**

सुर्खेत मौरी पालन व्यवसायमा सम्भावनाको नयाँ ढोका खोल्ने उद्देश्यसहित कर्णाली प्रदेशमा पहिलोपटक मौरी बुटक्याम्प सञ्चालन गरिएको छ। नेपाल मौरीपालक महासंघ कर्णाली प्रदेश र हेल्भेटास नेपालको इन-इलम परियोजनाको साझेदारीमा यही साउन ५ गतेदेखि आइतबारसम्म सुर्खेतको वीरेन्द्रनगरमा रहेको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्रमा सात दिने तालिम सम्पन्न भएको हो।

कर्णाली प्रदेशका दैलेख, सुर्खेत र जाजरकोट जिल्लाबाट आएका १३ महिला र १९ पुरुष गरी ३२ जना मौरीपालक किसानहरू यस बुटक्याम्पमा सहभागी रहेका थिए। उनीहरूलाई मौरीपालनसँग सम्बन्धित व्यावसायिक ज्ञान, उद्यमशीलता विकास, मौरी चरन व्यवस्थापन, मौरीमा लाग्ने रोगको पहिचान तथा उपचार, कृतिम रानी उत्पादनदेखि मौरी विष संकलन र मौरी थेरापी उपचार केन्द्र स्थापनासम्मका विविध विषयमा प्रशिक्षण दिइएको हेल्भेटास इन-इलम परियोजनाका कार्यक्रम संयोजक टेकबहादुर सिंहले बताए।

परियोजना संयोजक सिंहका अनुसार मौरीपालनमा व्यवसायिक सोच भएका व्यक्तिहरूलाई लगानीकर्तासँग जोड्ने प्रयाससहित यो तालिम सञ्चालन गरिएको हो। उनले मौरी पालन र महको मूल्य श्रृंखलालाई सुदृढ बनाउँदै दीगो कृषि व्यवसायका रूपमा विकास गर्नु नै परियोजनाको दीर्घकालीन उद्देश्य रहेको बताए।

त्यसैबीच, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन प्रशिक्षण केन्द्र सुर्खेतका निमित्त प्रमुख दीपक कुमार भण्डारीले कर्णालीमा मौरीपालनको अत्यन्तै ठूलो सम्भावना हुँदाहुँदै पनि नीतिगत कमजोरीका कारण व्यवसाय धराशायी हुँदै गएको धारणा राखे। उनले मौरी चरन व्यवस्थापनका लागि स्पष्ट र व्यवहारिक नीतिको आवश्यकता औंल्याउँदै मौरी अनुसन्धान तथा संरक्षणमा सरकारको ध्यान जान जरुरी रहेको बताए।

तालिममा सहभागी मौरी व्यवसायीहरूले भने भारतीय महको कारण बजार खोसीएको गुनासो गरेका छन्। गुणस्तर परीक्षणबिनै बजारमा ल्याइएका आयातित महले गर्दा स्थानीय मह व्यवसायहरु धराशायी बन्दैगएको उनीहरुको दुखेसो रहेको छ। गुणस्तर परीक्षणबिनै बजारमा ल्याइएका आयातित महका सम्बन्धमा सरकारले गुण नियन्त्रण प्रणालीलाई कडाइका साथ लागू गर्नुपर्ने आवाज तालिममा सहभागीहरुले उठाएका छन्। तालिम अवधिभर कर्णाली प्रदेश सरकारका पूर्व कृषि सचिव तथा हालका बुटक्याम्प विज्ञ टिकाराम थापा, मौरी विज्ञ माधव केसी, सगरमाथा इन्स्योरेन्सका प्रतिनिधि र लक्ष्मी सनराइज बैंकका विशेषज्ञहरूले विभिन्न विषयमा प्रशिक्षण दिएका थिए।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**(प्रकाशित मिति २०८२/०४/१२ गते**

सुर्खेत वी.न.नपा वडा नं. २ बस्ने श्री राम बहादुर कठायतले यस वी.न.न.पा. वडा नं. २ साविक वयलकाडा ४ क कि.नं. ३५०६, क्षेत्रफल ९२.६८ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल** :

**पूर्व जग्गाधनी** : जगत शाही
**पश्चिम जग्गाधनी** : राजन खड्का
**उत्तर जग्गाधनी** : निर्मला विष्ट
**दक्षिण जग्गाधनी** : बाटो

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**वीरेन्द्रनगर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### मासु/तरकारी/फलफुल पसल कवल हटाउने सम्बन्धमा सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०४/१२ गते)**

प्रस्तुत बिषयमा वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ६, हटियालाइन, सुर्खेतमा रहेका मासु/तरकारी/फलफुल पसल कवल जीर्ण अवस्थामा रहेको हुँदा मिति २०८२/०१/२० गतेका दिन बसेको नगर कार्यपालिकाको बैठकले तहाँ हटियालाइनमा रहेका मासु/तरकारी/फलफूल पसल कवल हटाउने प्रक्रिया अगाडि बढाउने निर्णय भए बमोजिम यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३ (तीन) महिनाभित्र आफुले सञ्चालन गरेको पसल कवलहरु खाली गर्न हुन अनुरोध छ। तोकिएको समयसिमा भित्र पसल कवल खाली नगरेमा नियमानुसार हुने व्यहोरा समेत यसै सूचना मार्फत सम्बन्धित सवैमा जानकारी गराइन्छ।

**वीरेन्द्रनगर नगरपालिका कार्यालय**
**वीरेन्द्रनगर, सुर्खेत।**

**अनुसुची–१५**
**(दफा ३३ को उप –दफा (२) सँग सम्बधिन्त)**

### काठ/दाउरा बोलपत्रद्धारा लिलाम विक्रिको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मिति २०८२/०४/१२**

श्री लिस्ने सामुदायिक वन उपभोक्ता समूह बराहताल गा.पा.-१०, सुर्खेतको सामुदायिक वनबाट २०८१/०८२ मा उत्पादन भई समुहको स्वीकृत कार्ययोजना अनुसार उत्पादन भएर घाटगद्धीमा राखिएको साल गोलिया काठ (ए) ८ थान १३२.२४ क्यूफिट, (बि) ६ थान ७३.७१ क्यूफिट र (सि) ३ थान २६.५ क्यूफिट जम्मा १७ थान २३१.८४ क्यूफिट, असना गोलिया काठ (ए) १२ थान २२०.८६ क्यूफिट, (बि) ४ थान ६४.०४ क्यूफिट र (सि) ४ थान २७.७ क्यूफिट जम्मा २० थान ३१२.६ क्यूफिट, विजु गोलिया काठ (ए) ४ थान ८७.४६ क्यूफिट जम्मा ४ थान ८७.४६ क्यूफिट र टुनी गोलिया काठ (बि) ६ थान ७० क्यूफिट जम्मा ६ थान ७० क्यूफिट गरि जम्मा ४७ थान ७०१.९ क्यूफिट काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा घाटगद्धीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराका सूचना यस श्री लिस्ने सामुदायिक वन उपभोक्ता समूहको कार्यालय बराहताल गा.पा.-१०, सुर्खेत श्री लेखागाउँ सब-डिभिजन वन कार्यालय, सुर्खेतको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री लिस्ने सामुदायिक वन उपभोक्ता समूह**
**बराहताल गा.पा.-१०, सुर्खेत ।**

## पञ्चपुरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बाबियाचौर, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

### आर्थिक बर्ष २०८२/०८३ को लागि मैजुदा सूचि दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०४/ १२**

यस कार्यालयको लागि आर्थिक बर्ष २०८२/०८३ मा आवश्यक पर्ने तपसिल अनुसारका सामान तथा सेवा उपलब्ध गराउन ईच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, कम्पनी एवं संस्थाबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मैजुदा (Standing List) दर्ताको लागि सोही नियमावलीको अनुसुची-२(क) बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ । मैजुदा सुचिमा दर्ता गर्न चाहेको कार्यको लागि विषगत छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्ने छ। रित नपुगि आएका निवेदनहरु मान्य हुने छैन । प्राप्त हुन आएका निवेदनहरु सूचिकृत गर्ने वा नगर्ने अधिकार कार्यलयमा निहित रहनेछ।

**(क) खरिद तथा आपूर्ति तर्फ:**
१) मसलन्द तथा कार्यालय सामाग्रीहरु। २) छपाई सम्बन्धी कार्यहरु। ३) फर्निचर तथा फर्निसिङ्ग (काठ वास्टिल) ४) ईलेक्ट्रोनिक
५) उपकरणहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, फ्याक्स, युपियस, टोनर, रिफिल, साउण्ड वक्स, डिजिटल क्यामेरा, स्क्यानिङ्ग मेसिन, प्रोजेक्टर, भ्याकुम क्लिनर, ईन्भटर . सि.सि. टि.भी. खरिद तथा मर्मत)
६) विज्ञापन प्रकाशन प्रसारण तथा प्रचारप्रसार। ७) विद्युतीय सामानहरु। ८) मोटरसाईकल आपुर्ति। ९) सवारी साधनका पार्टपुर्जाहरु।
१0) औषधि खरिद/मेडिकल सामानहरु। ११) कृषि तथा पशुपंक्षीहरुको औषधि र विउविजनहरु।

**ख) मर्मत तथा संभार तर्फ:**
१) सवारीतर्फ (मोटरसाईकल) आपूर्ति खरिद तथा मर्मत
२) ईलेक्टोनिक उपकरणहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, युपियस, टोनर, रिफिल, साउण्डवक्स, डिजिटल क्यामेरा, स्क्यानिङ्ग मेसिन, प्रोजेक्टर, ईन्भटर, सि.सि. टि.भी., टि.भी. सोलार व्याट्री खरिद तथा मर्मत)
३) कार्यालय भवन लगायत पूँजिगत सुधारका मर्मत, निर्माण कार्यहरु रंगरोगन सम्बन्धी कार्यहरु।
४) विद्युतीय सामानहरु (वायरिङ्ग, तार, पंखा, हिटर, सोलारबत्ती) ५) सार्वजनिक सम्पत्ति निर्माण तथा मर्मत संम्भार।
६) ठेक्का निर्माण तथा मर्मत सुधार सम्बन्धि कार्य। ७) दराज, कुर्सी, टेवल एवं फर्निचर सम्बन्धी सामानहरु।

**(ग) सेवा तर्फ:**
१) परामर्श सेवा (अध्ययन, सर्वेक्षण, अनुसन्धान) २) ईन्टरनेट सेवा, मर्मत, विज्ञापन प्रकाशन प्रसारण।
३) साईन बोर्ड लेखन, फ्लेक्स प्रिन्ट। ४) इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा, माटो परीक्षण, अध्ययन तथा अन्य पूँजीगत प्राविधिक परामर्श सेवा
५) श्रव्यदृश्य निर्माण तथा प्रसारण, लैङ्गिक परीक्षण, सामाजिक परीक्षण। ६) सफ्टवयर सम्बन्धी कार्य।
७) कार्यालय सुरक्षा तथा सरसफाई, खेलकुद सामाग्री सम्बन्धी। ८) इन्जिनियरिङ्ग तथा व्यवस्थापन सम्बन्धी तालिम, परामर्श, सर्भेड्रइङ्ग डिजाइन सम्बन्धी।
९) प्लम्बिङ सम्बन्धी कार्य।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:**
१) संस्था दर्ता तथा नविकरण भएको प्रमाणपत्रको छायाँ प्रति। २) स्थायी लेखा नम्बर प्रमाणपत्रको छायाँ प्रति।
३) करचुक्ता प्रमाणपत्रको छायाँ प्रति। ४) अन्य विविध प्रकारका सेवाहरु।

**प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# नेपालगञ्ज भन्सार लक्ष्यअनुसार राजस्व संकलन गर्न असफल



**सरला सुवेदी**
**बाँके, ११ साउन ।**

नेपालको शीर्ष १० राजस्व संकलन गर्ने भन्सार कार्यालयमध्ये एक नेपालगञ्ज भन्सार कार्यालय लगातार चौथो वर्ष पनि राजस्व लक्ष्य हासिल गर्न असफल भएको छ।

राजस्व विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ११९.३६% राजस्व संकलन गरेर उत्साहजनक प्रदर्शन गरेको नेपालगञ्ज भन्सारले त्यसयता चार वर्षदेखि लक्ष्य अनुसारको संकलन गर्न सकेको छैन। लगातार तीन वर्ष लक्ष्य चुकाएपछि भन्सार विभागले आर्थिक वर्ष २०८१/८२ का लागि झण्डै डेढ अर्ब रुपैयाँ घटाएर २७ अर्ब १८ करोड ३५ लाख रुपैयाँको लक्ष्य तोकेको थियो।

तर गत आर्थिक वर्षमा उक्त कार्यालयले जम्मा २० अर्ब २८ करोड ७२ लाख रुपैयाँ मात्र राजस्व संकलन गर्न सक्यो, जुन निर्धारित लक्ष्यको ७४.६३% मात्र हो। भन्सार प्रमुख जनार्दन आचार्यका अनुसार, यद्यपि लक्ष्य पूरा हुन नसके पनि अघिल्लो वर्षको तुलनामा २ अर्ब १२ करोड ९९ लाख रुपैयाँ (११.७३%) बढी राजस्व संकलन भएको छ।

लगातार लक्ष्य नपुगेपछि भन्सार विभागले चालु आर्थिक वर्ष २०८२/८३ का लागि लक्ष्य झण्डै २ अर्ब घटाएर २४ अर्ब रुपैयाँमा झारेको छ। नेपालगञ्ज भन्सार कार्यालय एकीकृत जाँच चौकी (आईसीपी) प्रणालीमा सञ्चालनमा आएपछि राजस्व संकलनमा वृद्धि हुने अपेक्षा गरिएको थियो।

# विगतको धङधडीबाट मुक्त हुन कमर्चारीलाई मुख्यमन्त्री कँडेलको निर्देशन

**युग संवाददाता**
**सुर्खेत, ११ साउन ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले विगतको धङधडीबाट मुक्त हुन कर्मचारीहरुलाई निर्देशन दिएका छन्। कर्मचारीतन्त्रमा अझैपनि परम्परागत शैली कायम रहेको उल्लेख गर्दै मुख्यमन्त्री कँडेलले हिजोको शैली सुधार्न नसके अपेक्षित नतिजा हासिल नहुने बताएका हुन्।

आफूले सम्हालेको आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गतको वार्षिक समिक्षा कार्यक्रममा बोल्दै मुख्यमन्त्री कँडेलले मन्त्रालयका कर्मचारीले सेवाग्राहलाई दुःख दिने अड्डा महशुस नहुने गरि कार्यसम्पादन गर्नुपर्नेमा जोड दिए।

उनले भने, 'मन्त्रालय भनेको कसैलाई दुःख दिने होइन, सेवाग्राहीलाई सहजीकरण गर्ने अड्डा हो भन्ने विषयमा कर्मचारी साथीहरु स्पष्ट हुनुपर्छ।' मन्त्रीले नीतिगत विषयमा मात्र सहजीकरण गर्ने बताउँदै उनले सेवाग्राहीसँग जोडिएका सेवा कर्मचारीबाट प्रवाह हुने हुँदा यसलाई गुनासोरहित बनाउनतर्फ कर्मचारी संयत्र जिम्मेवार हुनुपर्ने बताए। नागरिकले सरकारका निकायबाट नयाँ ढंगले कार्यसम्पादन खोजिरहेको बताउँदै मुख्यमन्त्री कँडेलले अब पद र ओहोदा होइन कार्यसम्पादन र नैतिकताले मात्र नेतृत्व गर्न सकिने बताए।

मन्त्रालयको कार्यसम्पादन गर्दा कतिपय कर्मचारी जिम्मेवारीबाट पन्छने गरेको उल्लेख गर्दै उनले कानुन सम्वत मिल्ने कामलाई पन्छाउने कर्मचारीले बेलैमा आफनो कार्यसम्पादनबारे पुनरावलोकन गर्न सुझाए।

समिक्षा कार्यक्रममा मन्त्रालयका सचिव डा पुष्पराज शाहीले मन्त्रालयबाट गत वर्ष नागरिक घर बीमा, पत्रकार स्वास्थ्य बीमा, विपद् पीडितका लागि राहत जस्ता कार्यक्रम सचालन गरेको बताए।

# हुम्ला-मुगु लिङ्क रोडः लोतीखोलामा 'बेलीब्रिज' जडान

**युग संवाददाता**
**सुर्खेत, ११ साउन ।**

हुम्ला र मुगु जोड्ने चङ्खेली गाउँपालिकाको लोतीखोलामा बेलिब्रिज निर्माण सम्पन्न भएको छ। चार करोड ९८ लाखमा बेलिब्रिज जडान गर्ने काम सम्पन्न भएको हो। पूर्वाधार विकास कार्यालयका प्रमुख इञ्जिनियर नरेशराज जैसीलेका अनुसार ४२ मिटर लम्बाइको उक्त बेलिब्रिज कर्णाली नदीबाट १० मिटर उचाइमा रहेको र पुलको ३.१५ मिटर उचाइ, तीनवटा प्यानल र तीनवटा डेक राखिएको छ।

लोतीखोलामा पुल नहुँदा स्थानीयवासी समस्यामा रहेका थिए। हिउँदयाममा खोलामा पानी घटेपछि खोलाबाटै सवारीसाधन वारपार गर्दथे भने हल्का सवारीसाधनका लागि काठको पुल बनाइएको थियो।

वर्षातमा आएको खोलाले पुल बगाएपछि मानिससमेत तुइनमा तर्न बाध्य थिए। हुम्ला र मुगु जोड्नका लागि मात्र नभई चङ्खेली गाउँपालिकाको केन्द्र पिप्लाङ आवतजावत गर्न पनि गाउँपालिकावासी तुइनमै निर्भर थिए। चङ्खेली गाउँपालिकाका तीनवटा वडा तुइन तरेर गाउँपालिका केन्द्रमा आउनुपर्ने समस्या अन्त्य भएको गाउँपालिकाका अध्यक्ष प्यारीलाल शाहीले बताए।

उनका अनुसार निरन्तरको पहलपश्चात बेलीब्रिज छोटो समयमा निर्माण सम्पन्न भएको हो। पुलले मुगु, जुम्लालगायतका नागरिकलाई कैलाश मानसरोवर दर्शन गर्न र हुम्लाका नागरिकलाई राराताल अवलोकनका लागि बाजुरा भएर जानुपर्ने बाध्यतामात्र टरेको छैन, अब तिनै जिल्ला सदरमुकामसँग सिधा आवतजावत हुने भएको छ।

## एक...

दर्ता भएका हुन्।

अपहरणका १ सय ४२, मानव बेचबिखनका १ सय ५२ जबर्जस्ती करणीका २ हजार ३ सय ८७ छन्। प्रहरीमा दैनिक रूपमा मात्रै १ सय ६० मुद्दा दर्ता हुने गरेको आइतबार पत्रकार सम्मेलन आयोजना गरी प्रहरी प्रवक्ता विनोद घिमिरेले जानकारी गराए। गत आर्थिक वर्ष आत्महत्या गर्नेको संख्या मात्रै ६ हजार ८ सय ५२ रहेको छ। साइबर अपाधका मुद्दा १ सय १२ मुद्दा दर्ता भएको छ। यस वर्ष रेड नोटिस जारी भएका ३४ जना र विभिन्न देशबाट पक्राउ गरी ल्याइएका २० जना रहका छन्।

## रुख...

वीरेन्द्रनगर उपत्यकाको खानेपानी समस्या समाधान हुने अपेक्षा गरिएको छ। दुई चरणमा काम हुने आयोजनाको पहिलो चरणमा पानीको बहावलाई डाइभर्ट गरी नदी सतहदेखि करिब सात किलोमिटर गहिरा दुई वटा इन्टेक निर्माण गरिने छ। दोस्रो चरणमा उपत्यकामा पर्ने रत्न राजमार्ग र सुर्खेत-जुम्ला सडकको दुवैतर्फ प्रसारण लाइन विस्तार गरिनेछ। तीन वर्ष निर्माणको समयावधि रहेको आयोजना निर्माण सम्पन्न भइसकेपछि पनि थप तीन वर्ष आयोजनाको सञ्चालन र व्यवस्थापनको जिम्मा निर्माण कम्पनीले लिनेछ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ताा हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री बल बहादुर थापा धनी रहेको, दर्ता नम्बर ४२६०/०७५/०७६ बाट वीन.न.पा-३, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री थापा स्वास्थ्य क्लीनिक तथा प्रयोगशाला नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ताा हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ।

प्रो. पदम बहादुर बुढा
खानी विभागबाट ढुङ्गा उत्खननको अनुमति प्राप्त
वि.सी. सिलेट ढुङ्गा काट्ने उद्योग
जुनीचाँदे-११, जाजरकोट
सम्पर्क स्थान : वीरेन्द्रनगर-१२, एयरपोर्टचोक, सुर्खेत
स्वदेशी नेचुरल अर्गानिक ढुङ्गा
हाम्रा सेवाहरु : घर, ट्वाईलेट, बाथरुम, बरण्डा, आँगन, पेटीमा बिछ्याउन सकिने, मठ मन्दिर, पार्क, पर्यटकीय स्थलमा आकर्षक रुपमा डिजाइनमा बिछ्याउन सकिने स्लेट ढुङ्गा अर्डर अनुसार विभिन्न साइजमा उपलब्ध छन्।
९८५१३५१३२८, ९८५८०६१३२८

कोरोनाबाट बच्ने उपाय
- नियमित रुपमा साबुन पानीले हात धोऔं,
- संक्रमित वा शंकास्पद ब्यक्तिको सम्पर्कबाट टाढा रहौं,
- रुघाखोकी लागेका ब्यक्तिको नजिक वा सामुन्नेमा नबसौं,
- अनावश्यक रुपमा आँखा, मुख तथा नाकमा बारम्बार नछोऔं,
- भीडभाडमा नजाऔं र जाने परे मास्क लगाएर जाऔं,
- बारम्बार प्रयोगमा आउने सामाग्री फोन, कलम, चस्मा, रुमालको सरसफाइमा ध्यान दिऔं,
- खोक्दा वा हाच्छ्यु गर्दा पाखुराले वा रुमालले नाकमुख छोपौं,
- खोप अनिवार्य रुपमा लगाऔं,
- कोरोनाको लक्षण देखिएमा तुरुन्त परीक्षण गराऔं र आइसोलेसनमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरू
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।
इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्युटर इन्स्टिच्युट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरू, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस्।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस्।
TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA
Servicing | Repair | Denting | Panting | Washing

युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादकः दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादकः ओम बहादुर शाही, प्रधान कार्यालयः वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेटः कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालयः सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोनः ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रणः भवानी छापाखाना, सुर्खेत ।